# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

## पाँचौं अधिवेशन

## बैठक संख्याः ६

## संक्षिप्त विवरण

## २०८१ माघ २६ गते शनिबार

## अपरान्हको ६:३० बजे

१. प्रदेश सभाको पाँचौं अधिवेशनको दोस्रो बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा शनिबार अपरान्ह ६:३० बजे प्रारम्भ भयो।

२. माननीय सभामुखले माननीय सदस्यहरुलाई शुन्य समय र विशेष समय नरहने व्यहोरा जानकारी दिनु भएको थियो।

३. माननीय सभामुखले माननीय युवा तथा खेलकुद मन्त्री श्री मीनकृष्ण महर्जनलाई "प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनु भयो।

४. माननीय सभामुखले **"प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"** सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नु भयो।

५. माननीय सभामुखले विधेयकका दफाहरू तथा आनुषाङ्गिक अन्य दफाहरू छलफल गर्न माननीय सदस्यहरूलाई जानकारी गराउनु भयो।

- माननीय रत्नप्रसाद ढकाल,
- माननीय छिरीङ दोर्जे लामा,

६. माननीय सभामुखले **"प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"** को दफा २ देखि ४ सम्मका दफाहरू तथा सो संग सम्बन्धित उपदफाहरू विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नु भयो।

७. माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुभयो।

८. माननीय सभामुखले माननीय यूवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनलाई "प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनु भयो।

९. माननीय सभामुखले "प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नु भयो।

१०. माननीय सभामुखले अर्को सूचना नभए सम्मको लागि यो बैठक स्थगित गर्नु भयो।

(कृष्ण हरि खड्का)
सचिव